# बारा जिल्लाको कलैयामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक गाई/भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ माघ १३ गते देखि १५ गते सम्म वारा जिल्लाको कलैयामा**"ब्यवसायिक गाई/भैंसीपालन तालिम"**सम्पन्न गरेको संस्थाका कलैया शाखा कार्यालयका शाखा प्रमुख श्री महानन्द दासले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री डां होचन्नद्र जैसवार ,श्री बिकास कुमार साह र श्री महवुब आलम रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशक देखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नत तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय कार्यक्रम अधिकृत श्री अजिमुल्लाह दर्जीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको कलैया शाखा कार्यालयका प्रमुख महानन्द दासले प्रकाश पारेका थिए

तालिममा पशुपालन ब्यवसायको बारेमा, पशुपालन गर्ने तरिका,फइदा,पशुमा लाग्ने रोग, उपचारको बारेमा तथा पशुपालन सम्बन्धी सम्पूर्ण बिधि, समस्या सामाधानको तरीका सम्बन्धी विषयहरु , बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने कलैया शाखाका शाखा प्रमुख महानन्द दासले बताएका थिए

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड देशको ७ वटै प्रदेशका ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्द ठुलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी  लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका

विपन्न परिवारका महिलाहरुलाई समुहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ ।यस संस्थाले देशको कुनाकुनामाशाखाहरु स्थापना गरीग्राहक सदस्यहरुलाई सीपविकास तालिमप्रदानगर्दैआई रहेको छ साथै तालिमलिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।संस्थाले २०७५ पौष मसान्त सम्ममा ३ लाख ३८ हजार २०० घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ पौष मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १७ अरब ९ करोड १७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब ६८ करोड ७४ लाख बचत परिचालन गरेको छ ।

तालिमको अन्त्यमा सहभागी श्री चन्दा देवी र श्री उमा देवीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेतीगरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदानगर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यालय बिरगंजका कार्यक्रम अधिकृत श्री अजिमुल्लाह दर्जीले जानकारी गराएका थिए । तालिमको संचालन शाखा प्रमुख महानन्द दासले गरेकाथिए ।